स्थानीय सरकार

# धुर्कोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बर्बोट, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८३/०८४

च.न.: ~

मिति: २०८३/०५/०१

सूचना नं.: २९

**सडक मर्मत सम्भारकर्ता आवश्यकता सम्वन्धी सार्वजनिक सूचना ।**

सडक पूर्वाधार विकास कार्यालय अन्तर्गत यस सेउघा-सिमाघाट-पुर्कोटदह-अग्लुङ्फेदि सडकको नियमित मर्मत सम्भार कार्यको लागि यस गाउँपालिकाबाट यस आ.व. २०८३/०८४ को लागि ४ (चार) जना सडक मर्मत सम्भारकर्ता (लेन्थ वर्कर) माग भइ आएको हुनाले तल उल्लेखित योग्यता पुगेका धुर्कोट गाउँपालिका वडा नं. ४ का स्थानीय व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ । इच्छुक व्यक्तिहरुले यस गाउँपालिकाको कार्यालयमा नागरिकताको सक्कल प्रति लिई आफै उपस्थिति भइ आफ्नो दरखास्त विवरण दर्ता गराउनहुन अनुरोध गरिन्छ ।समयावधि सकिए पछि आएको दरखास्त दर्ता हुनेछैन ।एक व्यक्तिले एक गाउँपालिका मा मात्र दरखास्त बुझाउनु हुन समेत अनुरोध गरिन्छ ।

दरखास्त दर्ता हुनको लागि आवश्यक मापदण्ड

१. प्राविधिक मापदण्डहरु :-

- उमेर कम्तीमा १८ बर्ष पुरा भई ४० ननागेको नेपाली नागरिक ।
- शारिरीक तथा मानसिक रुपमा स्वस्थ हुनु पर्ने ।
- सडक नजिकको बासिन्दा हुनु पर्ने ।
- उक्त सडक खण्डमा पर्ने वडाको नागरिक हुनुपर्ने ।

२. सामाजिक मापदण्डहरु :-

- अन्य ठाउँमा स्थायी वा अस्थायी रोजगारीमा संलग्न नभएको वा बेरोजगार हुनु पर्ने ।
- महिला, दलित, जनजातीलाई बिशेष प्राथमिकता दिइने छ ।
- सत प्रतिशत महिलालाई सहभागिता गराउन पहल गरिने छ ।
- कम्तीमा ४० प्रतिशत दलित तथा जनजातीलाई प्राथमिकता दिइने छ ।
- वेरोजगार युवाहरुलाई प्राथमिकता दिइनेछ ।

द्रष्टब्य :- यो कुनै स्थायी नियुक्ती होइन।यसबाट छनौट भएका सडक मर्मत सम्भारकताले यस सडक योजनाको मर्मत कार्यमा आवश्यकता बमोजिम छोटो वा लामो अवधिको रुपमा संलग्न भई कार्यसम्पादन तथा मूल्याङ्कनको आधारमा कार्य गर्न इच्छुक हुनुपर्नेछ ।

३. दरखास्त दिने अन्तिम मिति, समय र स्थान

अन्तिम मिति: २०८३।०५।१५ कार्यालय समयभित्र

स्थान- धुर्कोट गाउँपालिकाको कार्यालय, बर्बोट, गुल्मी।

५।१

रुद्र बहादुर पछाई

प्रमुख प्रशासकीय अधिकृत

रुद्र बहादुर पछाई

प्रमुख प्रशासकीय अधिकृत